# रामेछाप नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## स्काभेटर र व्याकहो लोडर (उपकरणहरु) सञ्चालन कार्यबिधि, २०७५

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
३ नं.प्रदेश, नेपाल
२०७३

कार्यबिधि स्वीकृत मिति : २०७५।०४।१४

# रामेछाप नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## स्काभेटर र व्याकहो लोडर (उपकरणहरु) सञ्चालन कार्यबिधि, २०७५

रामेछाप नगरपालिकाको मिति २०७५।०४।१४ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार नगरपालिकाको स्वामित्वमा रहेको उपकरणहरु (स्काभेटर र व्याकहो लोडर) लागि देहायका शर्तहरुको अधिनमा रही सञ्चालन गरिनेछ ।

१. स्काभेटरका लागि एक जना अपरेटर करार सेवामा राखिनेछ ।

२. व्याकहो लोडरका लागि एक जना अपरेटर करार सेवामा राखिनेछ ।

३. सम्वन्धित अपरेटरहरुले उपकरण चलाउने र उपकरणको सुरक्षा गर्ने सम्पूर्ण जिम्मेवारी लिनु पर्नेछ ।

४. अपरेटरले उपकरणको संचालन अनुमति नगरपालिका कार्यालयबाट लिनु पर्नेछ ।

५. अपरेटरले उपकरण चलाउंदा तोकिएको निश्चित समय पछि सर्भिसिङ्ग पश्चात मात्र चलाउनु पर्नेछ । यसरी सर्भिसिङ्ग गरी चलाउनु पर्नेमा सो नगरेमा त्यसको जिम्मेवारी स्वयं अपरेटरले लिनु पर्नेछ । उपकरण चलाउंदा जान नसक्ने भीरपाखा, खाल्डो, नदी वा यस्तै जोखिमयुक्त ठाउंमा लैजानु हुदैन । यस्तो कार्य गर्न कसैले दवाव दिएमा पनि अपरेटरले त्यसलाई स्वीकार गर्न हुदैन ।

६. उपकरण चलाउंदा उपकरणमा कुनै कैफियत देखिएमा अपरेटरले कार्यालयलाई तुरुन्त जानकारी गराउनु पर्नेछ । कुनै कैफियत देखिंदा देखिंदै उपकरण चलाएमा भएको कुनै क्षतिको जिम्मेवारी स्वयं अपरेटर हुनेछ ।

७. उपकरणहरु नगरपालिकाले देहाय बमोजिम चलाउन सक्नेछ :

(क) नगरसभा/नगर कार्यपालिकाले स्वीकृत गरेको आयोजना कार्यान्वयनका लागि उपयोग गर्ने,

(ख) नगरपालिका क्षेत्रमा व्यक्ति/संस्था बिशेषलाई भाडामा लगाउन सक्ने,

(ग) नगरपालिका क्षेत्र भन्दा बाहिरका व्यक्ति/संस्था बिशेषलाई भाडामा लगाउन सक्ने,

(घ) रामेछाप जिल्ला स्थित स्थानीय तहको आयोजना कार्यान्वयनका लागि उपयोग गर्ने,

रामेछाप नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामेछाप बजार, रामेछाप ३ नं.प्रदेश, नेपाल २०७३

(ङ) नगरपालिका आयोजना कार्यान्वयन, व्यक्ति/संस्था बिशेषलाई भाडामा लगाउन बाहेक सरकारी कार्यालयहरुले माग गरेकोमा अवस्था हेरी नगरपालिकाले उपलब्ध गराउनेछ र सो बापत लागेको खर्च नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(च) कुनै आकस्मिक घटना घटेमा वा आवागमन बन्द हुन गएकोमा नगरपालिकाको उपकरण तत्काल प्रयोग गर्नु परेमा उपकरणहरु जहां भए पनि झिकाई नगरपालिकाले प्रयोग गर्न आदेश दिन सक्नेछ । यस्तो अवस्थामा लाग्ने खर्च लागत साझेदारीमा गरिनेछ । यदि लागत साझेदारी हुन नसकेको अवस्थामा नगरपालिकाले नै खर्च बेहोरी पछि नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(छ) अपरेटरले जुन प्रयोजनको लागि उपकरण प्रयोग गर्न नगरपालिकाले आदेश दिएको हो सोही प्रयोजनका लागि मात्र चलाउनु पर्नेछ । यस देखि बाहेक कुनै अर्को प्रयोजन वा व्यक्ति/संस्थाको लागि प्रयोग गर्न हुदैन ।

८. उपकरण अपरेटरले प्रति दिन आठ घण्टा भन्दा बढी चलाउन पाउने छैन ।

९. अपरेटरले उपकरण चलेको अवधिको इन्धन(डिजल) खर्च बापतको लगबूक भरी राख्नु पर्नेछ ।

१०. फिल्डमा रहेको उपकरणको रेखदेख र सुरक्षा गर्ने जिम्मेवारी स्वयं अपरेटरको हुनेछ । आयोजना कार्यान्वयनका लागि लैजाने उपभोक्ता समिति र वडाध्यक्षको पनि उपकरणको सुरक्षामा सहयोग गर्नु पर्ने दायित्व रहनेछ ।

११. नगरपालिकाको आयोजना कार्यान्वयनका लागि पालैपालो आवश्यकताको आधारमा उपकरण पठाईनेछ ।

१२. उपकरणहरु कोही कसैले हानी नोक्सानी गर्न लागेमा वा उपकरणको सुरक्षामा असर पर्न सक्ने देखिएमा अपरेटर र आयोजना कार्यान्वयन पक्षले तुरुन्त नजीकको प्रहरी चौकी र नगरपालिकालाई खवर गर्नु पर्नेछ ।

१३. स्काभेटर चलाए बापत अपरेटरले प्रतिघण्टा रु. १००। का दरले भत्ता र खाजा खर्च बापत काम गरेको दिनको रु.२००। पाउनेछ । यस्तो रकम आयोजना कार्यान्वयन पक्षले बेहोर्नेछ ।

१४. ब्याकहो लोडर चलाए बापत अपरेटरले प्रतिघण्टा रु. ६०। का दरले भत्ता र खाजा खर्च बापत काम गरेको दिनको रु.२००। पाउनेछ । यस्तो रकम आयोजनाको लागतबाट कट्टा गरिनेछ ।

१५. अपरेटरले काम गरे बापत पाउने थप भत्ता र खाजा खर्चकालागि आयोजना कार्यान्वयन पक्ष, उपभोक्ता समिति र वडाध्यक्षले प्रमाणित गरेपछि मात्र उपलब्ध गराईनेछ ।

१६. नगरसभा/नगर कार्यपालिकाद्धारा स्वीकृत आयोजना कार्यान्वयनका लागि उपकरण चलाए बापत (ईन्धन बाहेक) निम्न बमोजिमको रकम नगरपालिकामा बुझाउनु पर्नेछ :

(क) स्काभेटर प्रतिघण्टा रु. २,०००।-

(ख) व्याकहो लोडर प्रतिघण्टा रु. १,२००।-

यस्तो रकम सम्वन्धित पक्षलाई भुक्तानी गर्ने समयमा नगरपालिकाले कट्टा गर्नेछ ।

१७. नगरपालिकाको आयोजना कार्यान्वयन बाहेका कुनै व्यक्ति/संस्थाले उपकरण प्रयोग गरेबापत देहाय बमोजिम अग्रिम रकम नगरपालिकामा बुझाउनु पर्नेछ । साथै अपरेटर भत्ता, खाजा खर्च बापतको रकम उपकरण लैजाने पक्षले व्यहोर्नु पर्नेछ ।

(क) स्काभेटर प्रतिघण्टा रु. २,५००।-

(ख) व्याकहो लोडर प्रतिघण्टा रु. १,५००।-

१८. उपकरणहरुको नियमित मर्मत संभार, विभिन्न प्रकारका आयल, लुब्रिकेण्ट आदिको खर्च आयोजना कार्यान्वयनबाट नगरपालिकालाई प्राप्त भएको रकमबाट बेहोरिनेछ ।

१९. नगरपालिकाको आयोजनाहरु संचालनको क्रममा ईन्धन खरिदको लागि उपभोक्ता समितिले नगद संकलन गर्न नसक्ने अवस्था भएमा आयोजना संचालनको क्रममा नगरपालिकाले ईन्धन उपलब्ध गराई दिने र आयोजनाको रकम भुक्तानी हुने क्रममा सो ईन्धनमा लागेको रकम नगरपालिकाले सिधै ईन्धन आपूर्तिकर्तालाई भुक्तानी दिईने छ र आयोजनाको बांकी रकम मात्र उपभोक्ता समितिलाई भुक्तानी गरिनेछ ।

कार्यबिधि स्वीकृत मिति : २०७५।०४।१४